# जडीबूटी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

जेष्ठ, २०६९

# विषय सुची

विषयवस्तु पेज नं


**परिच्छेद १: परिचय**

१ पृष्ठभूमी ........ २

२. जडिबूटी विकास कार्यक्रम सम्बन्धी संक्षिप्त जानकारी ........ २

३ जडिबूटी विकासका मुख्य-मुख्य चुनौतीहरू ........ ३

४. कार्यक्रम कार्यान्वयन रणनीति ........ ४

५. जडिबूटी विकासका लागी पहिचान गरिएका मुख्य मुख्य कार्यक्रमहरु ........ ४

**परिच्छेद २: साङ्गठनिक ढाँचा**

१. जडिबूटी विकास कार्यक्रमको साङ्गठनिक ढाँचा ........ ५

२. जडिबूटी विकास कार्यक्रम समन्वय एकाई र यसको भूमिका ........ ५

३. विभागीय स्तरमा फोकल एकाई र यसको भुमीका ........ ६

४. जडिबूटी विकास कार्यक्रम क्षेत्रीय समन्वय एकाई र यसको भूमिका ........ ६

५. जडिबूटी विकास कार्यक्रम जिल्ला समन्वय एकाई (फोकल टिम) र यसको भूमिका ........ ६

**परिच्छेद ३: कार्यक्रम क्षेत्र छनौट र कार्यक्रम तर्जुमा**

१. कार्यक्रम क्षेत्र (जिल्ला) छनौटका आधारहरु ........ ७

२ कार्यकम कार्यान्वयनका लागि छनौट भएका जिल्लाहरु ........ ७

३. कार्यकमको अवधी ........ ८

४. थप पकेट क्षेत्र तथा अन्य जिल्लामा कार्यकम विस्तार ........ ८

५. कार्यकम सन्तोषजनक नभएका जिल्लाहरुमा कार्यकम कटौती र कार्वाही ........ ८

६. कार्यक्रम तर्जुमा ........ ८

७. फोकल टीम गठन ........ ९

८. कार्यक्रम कार्यान्वयन स्थान (पकेट क्षेत्र) छनौट ........ १०

९. फोकल टीमको कार्य जिम्मेवारी र भूमिका ........ १०

१०. पकेट क्षेत्रभित्र जडिबूटी खेतिकर्ता समूह गठन, संजाल तथा सहकारी निर्माण ........ १२

**परिच्छेद ४: कार्यक्रम कार्यान्वयन**

१. कार्यन्वयनको जिम्मेवारी ........ १३

२. जिल्लाहरूको वजेट तथा कार्यक्रमको आधार ........ १३

३. कार्यान्वयन विधि ........ १३

४. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु बिच समन्वय र कार्यविभाजन ........ १३

५. कृयाकलापहरुको विस्तृत कार्यान्वयन विधि ........ १३

**परिच्छेद ५: अनुगमन तथा मूल्याङ्कन**

१. अनुगमन योजना ........ १७

२. प्रगति विवरण/उपलब्धि मूल्याङ्कन ........ १७

अनुसुचीहरु ........ १८

परिच्छेद १

# परिचय

## १ पृष्ठभूमी

नेपालमा हाल करीब ११८ किसिमका पारिस्थितिकीय प्रणालीहरु रहेका छन् भने करीव ५८८४ प्रजातिका फूल फुल्ने र अन्य फूल नफुल्ने गरी जम्मा १००९१ प्रजातिका वनस्पतिहरु सूचीकृत भैसकेका छन् । यी मध्ये करिव ७०० प्रजातिहरुको औषधीय महत्व रहेको प्रमाणीत भईसकेकोछ ।

मानव स्वास्थ्यमा अत्यन्तै महत्वपूर्ण भूमिका खेल्ने र पहाडी जनजीवन जिविकोपार्जनमा प्रत्यक्ष टेवा पुग्ने हुँदा जडिबूटी एवं गैरकाष्ठ वन पैदावारसंग सम्बन्धित वानस्पतिक प्रजातिहरुको महत्व नेपालमा अत्यन्तै उच्च रहेको तथ्य निर्विवाद छ । जडिबूटी एवं गैरकाष्ठ वन पैदावारको खेति, संकलन, बेचबिखन र उपयोग लगायतका कार्यहरु परम्परागत ढंगबाटै हुने गरेको हुँदा अपेक्षित लाभ लिन नसकिएको विषय धेरै पहिले देखि नै उठान भएता पनि उल्लखेनीय सुधार नभएको अवस्था छ । नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरिसकेको अवस्थामा विश्वमै दुर्लभ ठानिएका वानस्पतिक प्रजातिहरु एवं तिनीहरुको उपयोगसँग कानूनी रुपमै हक स्थापित गर्नु पर्ने चुनौती एकातिर विद्यमान छ भने अर्कोतिर यस्ता माध्यमद्वारा आर्थिक लाभहरु हासिल गर्ने असीमित अवसरहरु पनि हामीसँग रहेका छन् ।

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा बढी माग भएका आर्थिक दृष्टिकोणले महत्वपुर्ण एवं संकटापूर्ण अवस्थामा रहेका जडिबूटीहरुको दीगो एवं वैज्ञानिक ब्यवस्थापन गर्दै व्यावसायिक ढंगले खेति विस्तार गरी प्राकृतिक वासस्थानको संरक्षण, सीमान्त भूमीको उत्पादकत्व अभिवृद्धि गर्दै प्रशोधन (Processing), सम्वेष्टन (Packaging) जस्ता कार्यहरु मार्फत मूल्य अभिवृद्धि (Value addition) गरी अधिकांश फाइदा नेपालभित्रै रहन सक्ने वातावरण सृजना गरी यस कार्यमा संलग्न गरीव एवं सीमान्त परिवारहरुको आर्थिक स्थितिमा वाञ्छित सुधार ल्याउने कृयाकलापहरु संचालन गर्नु अत्यन्त ढिलो भैसकेको महसुस भएको छ ।

कार्यक्रम संचालन गर्ने सरकारी निकायहरुको सहयोगी एवं प्रवर्द्धनकारी भूमिकामा सर्वसाधारण किसान, साना, मझौला र ठूला उद्यमी एवं व्यापारीहरु लगायतका निजी क्षेत्र तथा सहकारी क्षेत्रको सक्रिय सहभागिताबाट जडिबूटी एवं गैरकाष्ठ वन पैदावारहरुको उत्पादन एवं बेचबिखन जस्ता कार्यहरुमा संगठित प्रयास गरी जडिबूटी खेतिलाई उद्योगकै रुपमा विकास गरी यस मार्फत नेपाल र नेपाली जनतालाई थप आर्थिक योगदान पुर्‍याउने उद्देश्यले यो निर्देशिका तयार गरिएको छ ।

जडिबूटी एवं गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रशोधन तथा बजार ब्यवस्थापन गरी यसबाट हुने आयमा समाजका विपन्न महिला र पिछडिएका वर्गहरुको पहूँच बढाई समग्र रुपमा गरीवी न्यूनीकरणमा वाञ्छित योगदान पुऱ्याउने कुरामा दशौं पञ्चवर्षीय योजना देखि नै जोड दिएको देखिन्छ । पछिल्ला आवधिक योजनाहरुले समेत यस विषयलाई निरन्तरता दिए तापनि अपेक्षित लाभ लिन नसकिएको अवस्था विद्यमान छ । यसै परिप्रेक्ष्यमा आ.व. २०६६/०६७ देखि वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत **जडिबूटी विकास कार्यक्रम** सञ्चालन हुँदै आएको छ । उक्त कार्यक्रमको प्रभावकारी कार्यान्वियनको लागि कार्यक्रमको योजना प्रकृया, संचालन प्रकृया, साङ्गठनिक ढाँचा, अनुगमन, समन्वयको व्यवस्था र जनसहभागितामा प्रभावकारिता ल्याउनको लागि कार्यान्वयन निर्देशिकाको तत्काल आवश्यकता महसुस भएको हुँदा यो निर्देशिका तयार गरी लागु गरिएको छ ।

## २. जडिबूटी विकास कार्यक्रम सम्वन्धी संक्षिप्त जानकारी

### २.१ कार्यक्रमको परिचय

महत्वपुर्ण जडिबूटी श्रोतहरुको दीगो संरक्षण र विकासका लागि परम्परादेखि यसको संकलनवाट जीविकोपार्जन निर्वाह गर्दै आएका विपन्न तथा पिछडिएका वर्गलाई खेती विस्तार र उद्यम विकासमा सहभागी गराई आयआर्जनको अवसरवाट गरीबी न्यूनीकरण र समतामूलक विकासमा समेत सघाउ पुऱ्याउने सोचका साथ सञ्चालित यो कार्यक्रम वन तथा भू-संरक्षण मंत्रालय अन्तर्गत तीनवटा विभागहरु वन विभाग, वनस्पति विभाग र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग मार्फत आ.व. २०६६/०६७ देखि सञ्चालनमा रहेको छ । पहिलो आ.व.मा जडिबूटीको वाहुल्यता रहेको मध्य तथा सुदूर पश्चिमका पहाडी तथा हिमाली गरी १५ जिल्लामा शुरु भएको यो कार्यक्रम पछिल्लो आ.व.सम्म आईपुग्दा ४५ जिल्लामा विस्तार हुन पुगेको छ । जडिबूटीको जैविक विविधता, सामाजिक र आर्थिक महत्व

एवं कार्यक्रमको सम्वेदनशीलतालाई ध्यानमा राखी नेपाल सरकारद्वारा आ.व. २०६८/०६९ देखि राष्ट्रिय प्राथमिकता प्राप्त (P1) कार्यक्रमका रुपमा सञ्चालन हुँदै आएको छ। सीमित बजेट धेरै जिल्लामा वितरण हुदा कार्यक्रमबाट ठोस उपलब्धी मापन गर्न नसकिएको, एउटै मन्त्रालय अन्तरगतका निकायहरु बीच पनि समन्वयको अभावमा कार्यक्रम सचालनमा एकरुपता हुन नसकेको एवं कतिपय कार्यक्रमहरुमा दोहोरोपना समेत देखिएको अवस्था विद्यमान छ। तसर्थ, जडिबूटी विकासको प्रचुर सम्भावना रहेका सिमीत जिल्लामा मात्र कार्यक्रम गर्ने, मन्त्रालय अन्तरगतको एउटा निकायले कार्यक्रम लक्ष्य राखेको जिल्लामा अर्को निकायले सकभर कार्यक्रम नदोहोर्याउने, कार्यक्रम कार्यान्वयन हुने जिल्लामा निश्चित पकेट क्षेत्रमा मात्र कार्य गर्ने, पकेट क्षेत्रमा कार्यक्रम संचालन गर्दा जडिबूटी क्षेत्रका सरोकारवालाहरुको फोकल टिम बनाई सहभागितामूलक एवं पारदर्शि रुपमा कार्य गर्ने तथा सबै प्रकारका फिल्डस्तरका निकायहरुको समान बुझाइका लागि हरेक कृयाकलापको बिस्तृत संचालन प्रकृया जस्ता विविध बिषयहरु यस निर्देशिकाले समेटेको छ।

२.२ लक्ष्य र उद्देश्यहरू

जडिबूटी विकास कार्यक्रमका लक्ष्य र उद्देश्यहरू निम्न अनुसार रहेका छन्।

**लक्ष्य:** उच्च मूल्यका जडिबूटी एवं गैरकाष्ठ वन पैदावारहरुको पारिस्थितिकीय प्रणालीहरूको संरक्षण, दीगो व्यवस्थापन र खेति बिस्तारबाट भू-उत्पादकत्व एवं मुल्य अभिबृद्धि गर्दै गरीवी निवारण र राष्ट्रिय अर्थब्यवस्थामा ठोस योगदान पुर्याउदै दीगो विकास र वातावरणबीच सन्तुलन कायम राख्ने।

**उद्देश्यहरु:**

१. जडिबूटी एवं गैरकाष्ठ वन पैदावारहरुको पुनरुत्थान (regeneration) एवं पुनरुत्पादन (reproduction) लाई बढावा दिंदै यिनीहरुको पारिस्थितिकीय प्रणालीहरूको संरक्षण गर्दै दीगो ब्यवस्थापन मार्फत उत्पादन भएको पैदावारलाई मात्र तोकिएको प्रकृया र विधी अनुरुप संकलन गरी प्रशोधन र बिक्री वितरणबाट अधिकतम आर्थिक एवं पर्यावरणीय फाइदा प्राप्त गर्ने।

२. महत्वपूर्ण जडिबूटी एवं गैरकाष्ठ वन पैदावारहरुको ब्यावसायिक खेतिलाई प्रोत्साहन गरी वानस्पतिक प्रजातिहरुको परस्थानीय संरक्षण (ex-situ conservation) मार्फत राष्ट्रिय आय एवं रोजगारी अभिवृद्धिमा टेवा पुर्याउने।

३. जडिबूटी एवं अन्य गैरकाष्ठ वन पैदावारहरुको ब्यवस्थापन, संकलन, ब्यावसायिक खेति, उत्पादन, प्रशोधन र बिक्री वितरण लगायतका कार्यहरुमा निजी क्षेत्र, सहकारी, स्थानीय निकाय लगायत समाजका पिछडिएका, विपन्न र महिला वर्गहरुको सहभागितालाई बढावा दिई स्थानीय स्तरमै प्रशोधन गरी अति दुर्गम तथा ग्रामीण क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरु बढाउने।

४. जडिबूटी एवं गैरकाष्ठ वन पैदावारहरुको उत्पादनलाई ब्यावसायिक रुपमा प्रतिस्पर्धात्मक तुल्याउन आवश्यक पर्ने पूँजि, पूर्वाधार, प्राविधिक ज्ञान, सीपको विकास तथा बजार ब्यवस्थापनमा सहयोग पुर्याई स्थानीय जनताको जीवनस्तरमा वाञ्छित सुधार गरी गरीवी निवारणमा योगदान पुर्याउने।

५. जडिबूटी एवं गैरकाष्ठ वन पैदावारहरुको गुणस्तर र उत्पादन परिमाणलाई प्रतिस्पर्धात्मक रुपमा अन्तर्राष्ट्रिय बजारमा पहिचान गराई तिनको बिक्री मार्फत विदेशी मुद्रा आर्जन गर्ने।

## ३. जडिबूटी विकासका मूख्य-मूख्य चुनौतीहरू

जडिबूटी विकाससँग सम्वन्धित मूख्य रुपमा निम्नानुसारका आर्थिक, सामाजिक र वातावरणीय चुनौतीहरू रहेको देखिन्छ।

- उच्च मूल्यका जडिबूटी रहेको क्षेत्रमा ब्यापक गरीवी र जीविकोपार्जनका लागि जडिबूटीमा चरम निर्भरता
- दुर्गम क्षेत्र, सीमित विकासका पुर्वाधार र जीविकोपार्जनका लागि बैकल्पिक अवसरमा कमी
- संकलनमा आफुखुसीको स्वतन्त्रता र अपरिपक्व अवस्थामा नै संकलनमा होडवाजीले गर्दा श्रोतको अत्यधिक दोहन, कच्चापदार्थको न्यून गुणस्तर र जैविक विविधतामा ह्रास
- स्थानीय स्तरमा प्रशोधन प्रविधि तथा भौतिक संरचनाको सीमितताले गर्दा प्रारम्भिक प्रशोधन विना नै न्यून बजार मूल्यमा कच्चापदार्थ बिक्री गर्नुपर्ने बाध्यता
- वनजङ्गल फँडानी, वन डढेलोको प्रकोप, चोरी निकासी तथा अबैध ब्यापार
- स्रोतको संरक्षण एवं दीगो ब्यवस्थापनमा जनचेतनाको कमी

- उच्च मूल्यका जडिबूटीको खेति विस्तार तथा व्यवसायिकरणका लागि पूंजि, पूर्वाधार, प्राविधिक ज्ञान सीप तथा बजार व्यवस्थापनमा कमी

४. कार्यक्रम कार्यान्वयन रणनीति

जडिबूटी विकास कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका जिल्लाहरुले ती जिल्लाको निश्चित क्षेत्रलाई उच्चमूल्यका जडिबूटीहरुको उपलब्धता, सम्वेदनशीलता, हावापानी र सामाजिक आर्थिक स्थितिलाई मध्यनजर गरी जडिबूटी उत्पादन पकेट क्षेत्रको रुपमा विषेश व्यवस्थापन क्षेत्र तोक्न सक्नेछन् । यस कार्यक्रमले परिलक्षित गरेका उद्देश्यहरु हासिल गर्न निम्नानुसारका रणनीतिहरू अपनाइने छ ।

क) पकेट क्षेत्रको जडिबूटी, जैविक विविधता र पारिस्थितिकीय प्रणालीको व्यवस्थापनको लागि एकिकृत योजना निर्माण गरी कार्यान्वयन गर्ने,

ख) योजना निर्माण, कार्यान्वयन र अनुगमनमा सरोकारवालाहरूको सहभागिता गराउने,

ग) जडिबूटी उत्पादन तथा प्रशोधन कार्यलाई सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न प्रोत्साहन गर्ने,

घ) जडिबूटीको संरक्षण, विकास र लाभांश वितरणमा स्थानीय जनताको पहुँच, सहभागिता तथा स्वामित्व (Ownership) मा अभिवृद्धि गर्ने,

ङ) जडिबूटीको दीगो संकलन र व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु लागु गर्ने,

च) गरीवी न्यूनीकरणमा सहयोग पुर्‍याउने,

छ) वन सम्पदाको व्यवसायिकरण गर्न यसमा आधारित वातावरण मैत्री उद्योग व्यवसायका लागि कच्चा पदार्थको उपलब्धता, प्रशोधन, मूल्य अभिबृद्धि, बजार विस्तार र निर्यात प्रवर्धन गर्न इच्छुक नीजि, सहकारी र समुदायलाई प्रोत्साहन गर्नका लागि विशेष सुविधाको व्यवस्था गरी हरित रोजगारीका अवसरहरु सृजना गर्ने,

ज) पकेट क्षेत्रमा रहेका सामुदायिक वनवाट प्राप्त आम्दानीको कम्तिमा १५ प्रतिशत यस कार्यक्रममा लगानी गरी सोही क्षेत्रको समुदायमा बसोबास गर्ने अति गरीव, विपन्न, पछाडी परेका समुदाय तथा आदिवासी जनजातिहरुको जीविकोपार्जनमा सुधारको लागि लगानी गर्ने व्यवस्था गर्ने,

झ) सहयोगी संघसंस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. एवं निजीक्षेत्रहरूलाई जडिबूटीको दीगो संरक्षण, खेति विस्तार र स्थानीय स्तरमै प्रारम्भिक प्रशोधन लगायतका मूल्य अभिवृद्धि गर्ने कार्यमा लगानी गर्न प्रोत्साहित गर्ने,

ञ) जडिबूटी उत्पादनमा आधारित वातावरण मैत्री उद्योग व्यवसायलाई आवश्यक कच्चापदार्थ उत्पादन गर्न सरकारी, ऐलानी र पर्ति जग्गा माग भएमा निश्चित अवधि र मापदण्डको आधारमा कबुलियतमा दिने व्यवस्था गर्ने ।

**५. जडिबूटी विकासका लागी पहिचान गरिएका मुख्य मुख्य कार्यक्रमहरु**


पकेट क्षेत्रको सम्भाव्यता अध्ययन भई नसकेको र पकेट क्षेत्रको जडिबूटी विकासका लागी विस्तृत कार्ययोजना निमार्ण भई नसकेको विद्यमान अवस्थामा साझा कार्यक्रमको रुपमा निम्न १३ वटा कार्यक्रमहरु पहिलो वर्षको लागी पहिचान गरिएकोछ । पछिल्लो वर्षहरुमा कार्ययोजनाले प्रक्षेपण गरे अनुसारका कार्यक्रमहरु संचालन हुनेछन् । यी कार्यक्रमहरु वन, वनस्पति तथा रा.नि. तथा व.ज.सं. विभागको लागी एउटै हुनेछन् ।

१. पकेट क्षेत्रको सम्भाव्यता अध्ययन गरी योजना निर्माण
२. जडिबूटी खेति तथा विस्तारका लागि नर्सरी र बिरुवा उत्पादन
३. जडिबूटी प्रजातिको वासस्थान संरक्षण, व्यवस्थापन, अभिलेखीकरण
४. जडिबूटी तथा गैह्र काष्ठ बिरुवा रोपण/पुन: रोपण सहयोग
५. जडिबूटी तथा गैह्र काष्ठ बिरुवा रोपणमा गोडमेल तथा हुर्काए वापतको रकम अनुदान
६. वन उपजमा आधारित वन उद्यम कार्यक्रम
७. जडिबूटी क्षेत्रसंग सम्बन्धित संघ संस्थालाई प्रजाति विशेष जडीबूटी प्रवर्धन कार्यको लागि सहयोग
८. प्रदर्शनी मेलामा जडिबूटी नमुना प्रदर्शन तथा स्टल व्यवस्थापनमा सहयोग
९. पकेट क्षेत्र पहिचान, सुदृढीकरण, समूह गठन, क्षेत्र सम्झौता, सञ्जाल निमार्ण, सहकारी गठन र सञ्चालन (एक गाऊँ एक उत्पादनसंग सम्बन्धित)
१०. तालिम/गोष्ठी/कोचिङ्ग/बैठक
११. प्रचार प्रसार कार्यक्रम
१२. कार्यक्रमको कार्यान्वयनमा सहजीकरण, सार्वजनिक सुनवाई तथा प्रभाव अध्ययन
१३. कार्यक्रम अनुगमन तथा मुल्यांकन

# परिच्छेद २
# साङ्गठनिक ढाँचा

## १. जडिबूटी विकास कार्यक्रमको साङ्गठनिक ढाँचा

जडिबूटी विकास कार्यक्रम कार्यक्रमको साङ्गठनिक ढाँचा निम्न अनुसार हुनेछ ।




१. वन तथा भू-संरक्षण मन्त्रालय, योजना तथा जनशक्ति महाशाखाको सहसचिव (प्रा.) संयोजक रहने
समन्वय : *राष्ट्रिय योजना आयोग, वाणिज्य विभाग, कृषि विभाग र अन्य सम्वन्धित मन्त्रालय तथा विभागहरु*
२. वन तथा भूसंरक्षण मन्त्रालयले तोकेको उपसचिव (प्रा.) (वनस्पति ) संयोजक रहने
समन्वय: *वन, वनस्पति विभाग, रा.नि. तथा व.स विभाग अन्य सम्वन्धित निकायहरु, गैह्रसरकारी संस्थाहरू*
३. विभागीय स्तरमा महा निर्देशकले तोकेको अधिकृत (प्रा.) संयोजक रहने
समन्वय: *JDPCU, क्षेत्रीय वन निर्देशक, जिल्ला स्थित कार्यालयहरू*
४. क्षेत्रीय स्तरमा क्षेत्रिय वन निर्देशकले तोकेको उपसचिव (प्रा.) संयोजक रहने
समन्वय: *संवन्धित क्षेत्रीय स्तरका निकायहरू, जिल्ला स्थित निकायहरू*
५. जिल्ला स्तरमा जिल्ला वन समन्नवय समिति अन्तरगत जिल्ला वन /जिल्ला वनस्पती अधिकृत संयोजक रहने
समन्वय: *जि.व.स.स.,फिल्ड स्तरिय फोकल टिम, कार्यक्रम कार्यान्वयन गर्ने निकायहरू, उपभोक्ता समुहहरु, स्थानीय निकायहरू/संस्थाहरू, समुदाय, राजनैतिक दलहरू*

चित्र. १ : साङ्गठनिक ढाँचा

## २. जडिबूटी विकास कार्यक्रम समन्वय एकाई र यसको भूमिका

जडिबूटी विकास कार्यक्रमको परिकल्पना, योजना, क्रियाकलाप कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने केन्द्रीय स्तरमा वन तथा भू-संरक्षण मन्त्रालयको मातहतमा मन्त्रालयले तोकेको उप-सचिव (प्रा.) (वनस्पति समूह) संयोजक रहने गरी **जडिबूटी विकास कार्यक्रम समन्वय एकाई** (Jadibuti Development Program Coordination Unit, JDPCU) रहनेछ । यस एकाईको संरचना अनुसूची १ वमोजिम हुनेछ र यसको भूमिका निम्नअनुसार हुनेछ ।

- जडिबूटी विकास कार्यक्रम कार्यान्वयनको लागि आवश्यक नीति, नियम, निर्देशिका तथा कार्यविधिहरू तयार गर्ने,
- रणनीति तयारी र अध्यावधिक गर्ने, योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट व्यवस्था मिलाउने,
- कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा मन्त्रालय, सम्वन्धित विभागहरू, क्षेत्रीय वन निर्देशनालयहरू, जिल्ला स्थित कार्यालयहरू र सरोकारवालाहरूसंग समन्वय गर्ने,
- जडिबूटी विकासको लागि अन्य सरकारी तथा गैह्रसरकारी संस्थाहरूसंग समन्वय गरी कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने व्यवस्था मिलाउने,

- वन तथा भू-संरक्षण मन्त्रालयलाई कार्यक्रमको अनुगमन मूल्याङ्कनको विषयमा नियमितरुपमा जानकारी गराउने,
- योजना तर्जुमा, बजेट बाँडफाँडलाई अन्तिम रुप दिने र कार्यक्रम सञ्चालनमा समन्वयात्मक भूमिका निर्वाह गर्ने
- राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ सस्थाहरुसंग समन्वय गरी जडिबूटी विकासको लागि लगानी गर्न प्रोत्साहित गर्ने ।

३. विभागीय स्तरमा फोकल एकाई र यसको भूमिका

जडिबूटी विकास कार्यक्रमको परिकल्पना, योजना, क्रियाकलाप कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्न कार्यक्रम कार्यान्वयन गर्ने विभागहरुमा महानिर्देशकले तोकेको कम्तीमा अधिकृत स्तरको (प्रा.) विभागीय फोकल व्यक्ती रहने छ । विभागीय फोकल व्यक्तीले आवश्यक परेमा अन्य कर्मचारीहरु समेत सहभागी गराई विभागीय स्तरिय जडिबूटी विकास कार्यक्रम समन्वय एकाई समेत बनाई कार्य गर्न सकिने छ । यसको भूमिका निम्नाअनुसार हुनेछः

- जडिबूटी विकास कार्यक्रम समन्वय एकाई (JDPCU) को समन्वयमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने,
- जडिबूटी विकास कार्यक्रम कार्यान्वयनको लागि विभाग संग सम्बन्धित आवश्यक नीति, नियम, निर्देशिका तथा कार्यविधिहरू तयार गर्ने,
- कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा मन्त्रालय, जडिबूटी विकास कार्यक्रम समन्वय एकाई, अन्य विभाग, क्षेत्रीय वन निर्देशनालयहरू, जिल्ला स्थित कार्यालयहरू र सरोकारवालाहरूसंग समन्वय गर्ने,
- वन तथा भू-संरक्षण मन्त्रालय र जडिबूटी विकास कार्यक्रम समन्वय एकाईलाई कार्यक्रमको अनुगमन मूल्यांकन विषयमा नियमितरुपमा जानकारी गराउने,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग समन्वय गरी जडिबूटी विकासको लागि लगानी गर्न प्रोत्साहित गर्ने ।

**४. जडिबूटी विकास कार्यक्रम क्षेत्रीय समन्वय एकाई र यसको भूमिका**

जडिबूटी विकास कार्यक्रम अन्तर्गत क्षेत्रीय स्तरमा क्षेत्रीय वन निर्देशकले तोकेको उप सचिवको संयोजकत्वमा अनुसूची २ बमोजिमको क्षेत्रीय समन्वय एकाई रहने छ । यस एकाईको निम्न जिम्मेवारी रहनेछः

- आ-आफ्नो क्षेत्रमा स्थानीय स्तरमा जडिबूटी विकास कार्यक्रम लागू गराउने र नियमित अनुगमन मूल्यांकन गर्ने,
- सम्बन्धित जिल्लाहरूको योजना तर्जुमा, कार्यक्रम स्थान छनौट, कार्यान्वयन र अनुगमन मूल्यांकन गर्ने र आवश्यक निर्देशन दिने,
- प्रगति विवरण प्रत्येक ४/४ महिनामा सम्बन्धित जिल्लाहरूबाट संकलन गरी जडिबूटी विकास कार्यक्रम समन्वय एकाइ (JDPCU) मा र सम्बन्धित विभागहरूमा पठाई जानकारी गराउने,
- जिल्लाका वन र वनस्पति कार्यक्रममा प्रभावकारिता ल्याउन अन्य निकायहरूसंग समन्वय गर्ने ।

**५. जडिबूटी विकास कार्यक्रम जिल्ला समन्वय एकाई (फोकल टिम) र यसको भूमिका**

जिल्ला स्तरमा जिल्ला वन समन्वय समिति अन्तरगत जिल्ला वन कार्यालय, जिल्ला वनस्पती कार्यालय वा राष्ट्रिय निकुञ्ज कार्यालय जुन निकायमा कार्यकमको अख्तियारी प्राप्त भएको छ, त्यही निकायको प्रमुखको संयोजकत्वमा परिच्छेद ३ बमोजिमको फोकल टिम रहने छ । फोकल टिमको काम, कर्तव्य र भूमिका परिच्छेद ३ मा उल्लेख गरिएको छ । कार्यकमको अख्तियारी प्राप्त गर्ने निकायले यस कार्यक्रमको लक्ष्य र मर्म अनुसार अन्य सरोकारवालाहरूसंग समन्वय गरी योजना तर्जुमा, नियमित कार्यक्रम सञ्चालन, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने र प्रतिवेदन सम्बन्धित कार्यालय र क्षेत्रीय वन निर्देशनालयहरूलाई पठाउने हुनेछ ।

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
...दरबार, काठमाडौं

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# परिच्छेद ३

# कार्यक्रम क्षेत्र छनौट र कार्यक्रम तर्जुमा

## १. कार्यक्रम क्षेत्र (जिल्ला) छनौटका आधारहरु

जडिबूटी विकास कार्यक्रमले अपेक्षा गरेका उद्देश्यहरु पुरा गर्न यस कार्यक्रमलाई निश्चित जिल्लाहरुमा मात्र केन्द्रित गर्ने गरी निम्नानुसारका आधार लिई बढी अङ्क प्राप्त गर्ने जिल्लाहरुलाई प्राथमिकतामा राखी छनौट गरिएको छ ।

| जिल्ला छनौटका आधारहरु | | | | | | जिल्लालाई प्रदान गरिएको अङ्क |
|---|---|---|---|---|---|---|
| श्रोतको उपलब्धता | वजार सँगको पहुच | कार्यक्रम संचालन भएको अवधी | मानव विकास सुचकाङ्क (जिल्लाको तह) | जिल्ला वनस्पति कार्यालय सँगको पहुच | आयोजना/ परियोजनाहरुको सहयोग | |
| उच्च | सहज (नजिक) | विगत ३ वर्ष देखि | ६१-७५ | जिल्ला वनस्पति कार्यालय रहेको | आयोजना/ परियोजनाहरु नरहेको | ३ |
| मध्यम | मध्यम | विगत २ वर्ष देखि | ३१-६० | जिल्ला वनस्पति कार्यालय रहेको जिल्ला देखि नजिकको | एउटा आयोजना/ परियोजना रहेको | २ |
| न्युन | विकट (टाढा) | विगत १ वर्ष देखि | १-३० | जिल्ला वनस्पति कार्यालय रहेको जिल्ला देखि टाढाको | एक भन्दा बढी आयोजना/ परियोजना रहेको | १ |

## २ कार्यकम कार्यान्वयनका लागि छनौट भएका जिल्लाहरु

माथि उल्लेखित आधार अनुसार बढी अङ्क प्राप्त गरी कार्यकम कार्यान्वयनका लागि छनौट भएका जिल्लाहरु निम्नानुसार रहेका छन् ।

| क्र.सं. | कार्यक्रम कार्यान्वयन हुने जिल्ला | कार्यान्वयन गर्ने निकाय | | | विकास क्षेत्र |
|---|---|---|---|---|---|
| | | वन विभाग | वनस्पति विभाग | रा.नि.व.ज.सं.विभाग | |
| १ | दार्चुला | ✓ | | | सुदूर पश्चिमान्चल (५ जिल्ला) |
| २ | डोटी | ✓ | | | |
| ३ | बैतडी | ✓ | | | |
| ४ | डडेलधुरा | ✓ | | | |
| ५ | कैलाली | | ✓ | | |
| ६ | मुगु* | ✓ | | ✓ | मध्य पशिचमान्चल (९ जिल्ला) |
| ७ | जुम्ला | | ✓ | | |
| ८ | कालीकोट | ✓ | | | |
| ९ | हुम्ला | ✓ | | | |
| १० | डोल्पा* | ✓ | | ✓ | |
| ११ | दैलेख | ✓ | | | |
| १२ | सल्यान | | ✓ | | |
| १३ | सुर्खेत | ✓ | | | |
| १४ | बाँके | | ✓ | | |
| १५ | पाल्पा | ✓ | | | पश्चिमान्चल (१ जिल्ला) |
| १६ | सिन्धुपाल्चोक | ✓ | | | मध्यमान्चल (५ जिल्ला) |
| १७ | काभ्रेपलाञ्चोक | ✓ | | | |
| १८ | मकवानपुर | | ✓ | | |
| १९ | दोलखा | ✓ | | | |
| २० | धनुषा | | ✓ | | |
| २१ | ताप्लेजुङ | ✓ | | | पूर्वान्चल (२ जिल्ला) |
| २२ | ईलाम | | ✓ | | |

*मुगु र डोल्पाको हकमा दुईवटा निकायको कार्यान्वयनमा जिम्मेवारी देखिए तापनि दुवैको कार्यक्षेत्र फरक भएको ।

उपरोक्त आधारमा पहिलो चरणमा वन विभाग अन्तरगत १५ र वनस्पती विभाग अन्तरगत ७ गरी कुल २२ जिल्लाहरु छनौट भएकाछन । यस वाहेक बहुसरोकारवाला वन कार्यक्रम लागु भएका पूर्वाञ्चल विकास क्षेत्रका धनकुटा, तेह्रथुम, भोजपुर, खोटाङ्ग र सङ्खुवासभा, मध्यमाञ्चल विकास क्षेत्रका रामेछाप र ओखलढुङ्गा, पश्चिमाञ्चल विकास क्षेत्रका वाग्लुङ्ग, पर्वत र म्याग्दी, मध्य पश्चिमाञ्चल विकास क्षेत्रका प्यूठान, रोल्पा, दाङ्ग, रुकुम र जाजरकोट तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका अछाम र वाजुरा जिल्ला गरी थप १७ जिल्लामा सो कार्यक्रम मार्फत यसै कार्यविधी वमोजिम हुने गरी जडिबूटी विकास कार्यक्रमको वजेट तथा कार्यक्रमको व्यवस्था गरि कार्यक्रम लागु गरिनेछ । हाल छनौटमा परेका जिल्लाहरुको विस्तृत पाप्ताङ्ग र प्राथमिकताक्रम अनुसुची-३ मा उल्लेख गरिएको छ ।

## ३. कार्यक्रमको अवधी

एक पकेट क्षेत्रमा कार्ययोजना वमोजिम वढीमा ५ वर्षसम्म कार्यक्रम कार्यान्वयनको अवधी रहनेछ । कार्यक्रमको पहिलो वर्षमा पकेट क्षेत्रको सम्भाव्यता अध्ययन, कार्ययोजना निमार्ण, जडिबूटी उत्पादन कृषकको संजाल निर्माण तथा सहकारितामा लगायत जडिबूटी खेती विस्तारका थुपै कार्यक्रमहरुको भार वढी हुनेछ । दोश्रो तथा तेश्रो वर्षमा जडिबूटी खेती विस्तार तथा विरुवा हुर्काए वापत संरक्षणका प्रोत्साहन कार्यक्रमहरुमा वजेटको भार वढी हुनेछ । चौथो र पाचौं वर्षमा क्रमशः कार्यक्रम र वजेट कम गरी तत् पश्चात् स्थानीय समुदायलाई अपनत्वको विकास गराई कार्यक्रम हस्तान्तरण गरिनेछ ।

## ४. थप पकेट क्षेत्र तथा अन्य जिल्लामा कार्यक्रम विस्तार

पहिलो चरणमा छनौट भएका यी जिल्लाहरुमा पहिलो ५ वर्षमा कम्तिमा पनि एक एक वटा पकेट क्षेत्रमा कार्यक्रम सम्पन्न भए पश्चात् सोही जिल्लामा अन्य महत्वपूर्ण पकेट क्षेत्रहरु वाँकी रहेको अवस्थामा छैठौं वर्ष देखि अर्को ५ वर्षको लागी नयाँ पकेट क्षेत्रमा कार्यक्रम सञ्चालन गरिनेछ । यसका साथै यी जिल्लाहरु वाहेकका अन्य जिल्लामा जडिबूटी विकासका महत्वपूर्ण पकेट क्षेत्र रहेका भनी जिल्ला स्थित कार्यालयहरुवाट ५ वर्षमा प्राप्त गरिने उपलब्धीहरुको स्पष्ट खाका सहितको प्रस्तावना प्राप्त भएमा सो मध्ये उत्कृष्ट प्रस्तावनाहरु छनौट गरी वन तथा भू-संरक्षण मन्त्रालयबाट नयाँ जिल्लाहरुको छनौट गर्न सकिनेछ । नयाँ जिल्ला छनौट गर्दा उक्त प्रस्तावनाको अतिरिक्त अन्य आधार माथि उल्लेख गरे वमोजिमको हुनेछ ।

## ५. कार्यक्रम सन्तोषजनक नभएका जिल्लाहरुमा कार्यक्रम कटौती र कारवाही


हाल छनौट भएका जिल्लाहरुको कार्यक्रमको प्रभावकारिता हेरी उपलब्धीहरु प्राप्त गर्न नसकेको जिल्लावाट कार्यक्रम हटाउन समेत सकिनेछ । तर कार्यक्रमको प्रभावकारिता सन्तोषजनक नभएका जिल्लाहरुमा कार्यक्रम हटाउन पूर्व सम्वन्धीत कार्यालय प्रमुखलाई चेतावनी दिईनेछ र निजको कारणले कार्यक्रम प्रभावकारिता नभएको पाईएमा निजलाई विभागीय कारवाही समेत गरिनेछ ।

## ६. कार्यक्रम तर्जुमा

कार्यक्रम तर्जुमा गर्दा पकेट क्षेत्रमा स्थानीय गरीव, विपन्न, पिछडिएको वर्गको समुदायहरू, जडिबूटी खेतिकर्ता कृषक समूह, उद्यमी, जडिबूटी व्यापारी र अन्य सरोकारवाला संघसंस्थाको समेत सहभागितामा स्थलगत क्षेत्र, गा.वि.स. र विषेश गरी जडीवुटी खेतिको लागि वडा, टोल/पाखो समेत किटान गरी स्पष्ट लक्ष्य, कार्यक्रम, अनुमानित लागत, अपेक्षित लाभ, कार्यतालिका र सूचकसहित कार्यक्रम तयार गरिनेछ । यसरी कार्यक्रम तर्जुमा गर्दा जिल्ला स्थित कार्यालयले सञ्चालन नगरी नहुने वाहेकका अन्य सवै कार्यक्रम स्थानीय समुदाय, सहकारी, गैर सरकारी संस्थासंगको साझेदारी र सहकार्यमा सञ्चालन गर्ने गरी कार्यक्रम तर्जुमाकै वखतमा स्पष्ट खाका तयार गर्नुपर्दछ । कार्यक्रमको योजना तर्जुमा गर्दा वन तथा भू-संरक्षण मन्त्रालयको विद्यमान प्रक्रिया अनुसार गरिनेछ । कार्यक्रम वजेट तथा योजनाहरू सम्वन्धित विभागहरू र क्षेत्रीय निर्देशनालयहरूबाट जडिबूटी विकास कार्यक्रम समन्वय एकाई (JDPCU) मा पेश हुन आएपछि छलफल गरी अन्तिम रुप दिइ वन तथा भू-संरक्षण मन्त्रालयको योजना तथा जनशक्ति महाशाखामा पेश गरिनेछ । जडिबूटी विकास कार्यक्रमको कार्यक्रम तर्जुमा प्रक्रिया र बजेट प्रवाह चित्र नं २ अनुसार हुनेछ ।

योजना तर्जुमाका चरणहरु

- जिल्लामा फोकल टीमको गठन र संचालन
- फोकल टीमबाट पकेट क्षेत्र छनौट
- पकेट क्षेत्रभित्र सहभागितामूलक समूह स्तरीय कार्यक्रम पहिचान र योजना निर्माण
- जिल्लास्तरमा योजना प्रस्तुति र अनुमोदन
- क्षेत्रस्तरमा दुबै निकायको संयुक्त योजना प्रस्तुति
- केन्द्रस्तरमा दुबै निकायहरुको समन्वयमा संयुक्त योजना तयारी र मन्त्रालय मार्फत राष्ट्रिय योजना आयोगमा पेश




चित्र नं २: कार्यक्रम तर्जुमा प्रक्रिया र बजेट प्रवाह

वन तथा भू-संरक्षण मन्त्रालयले कार्यक्रमको स्वीकृत बजेटको अख्तियारी जडिबूटी विकास कार्यक्रम समन्वय एकाई मार्फत सम्वन्धित विभाग र क्षेत्रीय वन निर्देशनालयमा पठाउनेछ । कार्यक्रमको मर्म, उद्देश्य प्राप्त गर्ने आधार, प्रभावकारिता र उपलब्धिहरू नै बजेट बाँडफाडको मुख्य आधार हुनेछ । कार्यक्रमको बजेट खर्च गर्दा प्रचलित आर्थिक ऐन नियमहरूको परिधिभित्र रही गरिनेछ ।

## ७.फोकल टीम गठन

जडिबूटी प्रजातिहरुको खेति बिस्तार कार्यमा अवसर र सम्भावनाहरु अत्याधिक हुँदाहुँदै पनि यसको जोखिम पक्ष समेत उत्तिकै भएको हुँदा कुन कुन प्रजातिको खेति बिस्तार गर्ने भनी सम्बन्धित क्षेत्रमा बिशेष अनुभव प्राप्त बहुसरोकारवाला बीच ब्यापक छलफल भई यकिन गर्नुपर्ने भएकाले यसका लागि विषेश ध्यान पुर्याई कार्य संचालन गर्ने, कार्यक्रमको नियमित अनुगमन गरी पृष्ठपोषण गर्ने तथा उत्कृष्ट कार्य गर्नेलाई प्रोत्साहन गर्नु अपरिहार्य रहेको सन्दर्भमा कार्यक्रम लागु भएका जिल्लाहरुमा निम्नानुसारका फोकल टिमहरु रहने ब्यवस्था गरिएको छ ।

### ७.१ जिल्ला स्तरमा जिल्ला वन समन्वय समिति (DFCC) अन्तरगत फोकल टीम

कार्यक्रम लागु भएका जिल्लाहरुका जिल्ला स्तरमा जिल्ला वन समन्वय समिति (DFCC) अन्तरगत रहने गरी तपसिल बमोजिमको फोकल टीम रहने ब्यवस्था गरिएको छ ।

| | | |
|---|---|---|
| कार्यालय प्रमुख (जिल्ला वन/वनस्पति/रा.नि.कार्यालय) | १ | संयोजक |
| प्रतिनिधि, जिल्ला वन/वनस्पति/रा.नि.कार्यालय (संयोजक नरहेको अवस्थामा) | १-२ | सदस्य |
| प्रतिनिधि, पकेट क्षेत्र स्तरीय वन उपभोक्ताहरुको संजाल | १ | सदस्य |
| प्रतिनिधि, जिल्ला उद्योग बाणिज्य संघ, जडिबूटी ब्यापारी | १ | सदस्य |
| प्रतिनिधि, जि.वि.स. (गरीबी न्यूनीकरणसंग सम्बन्धित शाखा) | १ | सदस्य |
| प्रतिनिधि, पकेट क्षेत्रमा कार्यरत वन आयोजना (रहेमा) | १ | सदस्य |
| पकेट क्षेत्रको रे.पो.प्रमुख/वनस्पति कार्यालयको अ.वो./ रा.नि.कार्यालय अन्तर्गतको सम्बन्धित रेन्जर | १ | सदस्य सचिव |

## ७.२ पकेट क्षेत्र स्तरिय फोकल टीम

| | | |
|---|---|---|
| पकेट क्षेत्रको रे.पो.प्रमुख/वनस्पति कार्यालयको अ.बो./ रा.नि.कार्यालय अन्तर्गतको सम्वन्धित रेन्जर | १ | संयोजक |
| प्रतिनिधि, पकेट क्षेत्रस्तरीय वन उपभोक्ताहरुको संजाल | १ | सदस्य |
| प्रतिनिधि, जडिबूटी ब्यापारी (पकेट क्षेत्रसंग सरोकार रहेको) | १ | सदस्य |
| प्रतिनिधि, पकेट क्षेत्रमा कार्यरत वन आयोजना (रहेमा) | १ | सदस्य |
| पकेट क्षेत्र रहेको गा.वि.स.को प्रमुख | १ | सदस्य |
| पकेट क्षेत्रको रे.पो.को सहायक स्तरको कर्मचारी | १ | सदस्य |
| पकेट क्षेत्रको जडिबूटी खेतिकर्ता उपभोक्ताहरुको संजाल प्रतिनिधी | १ | सदस्य सचिव |

## ८. कार्यक्रम कार्यान्वयन स्थान (पकेट क्षेत्र) छनौट

यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि जिल्लास्थित कार्यालयहरुले निश्चित भौगोलिक क्षेत्रमा मात्र यस कार्यक्रमलाई सीमित गर्ने गरी पकेट क्षेत्र छनौट गर्नुपर्नेछ। पकेट क्षेत्र छनौटका आधारहरु निम्नानुसार रहेका छन् ।

(क) जिल्लामा प्राकृतिक रुपमा पहिलेदेखि नै प्रशस्त मात्रामा ब्यापारीक महत्व रहेका संकलनयोग्य जडिबूटी पाईने क्षेत्र अर्थात जडिबूटीको भण्डारको रुपमा चिनिएको क्षेत्र ।

(ख) उक्त क्षेत्रमा फोकल टीमले छनौट गरेका सबै जडिबूटी प्रजातिहरुको खेतिको लागि उपयूक्त हावापानी र भौगोलिक बनावट भएको ।

(ग) उक्त क्षेत्रमा जडिबूटी खेतिको चाहना भएका, परम्परादेखि जडिबूटी संकलन कार्यमा लागेका गरीव तथा विपन्न वर्ग, अन्य पिछ्डिएको वर्गको बाहुल्यता भएको ।

(घ) सो क्षेत्र लगायत सो को निकटमा जडिबूटी खेतिको चाहना भएका अन्य कृषक तथा जडिबूटी उद्यमीहरु रहेको ।

(ङ) सि.नं (क) मा उल्लेख भएको क्षेत्रमा रहेका सार्वजनिक (सरकारी), सामुदायिक तथा कबुलियती वनक्षेत्रको खालि जग्गामा जडिबूटी बिरुवा रोपणको लागि आवश्यक पर्ने उपयूक्त हावापानी र भौगोलिक बनावट भएको जग्गा ( सकभर चक्ला कै रुपमा) उपलब्ध भएको ।

(च) सकभर एउटा गा.वि.स. मा मात्र सिमित हुने । माथि (क) देखि (ङ) सम्मको आधारको कारणले एक भन्दा बढी गा.वि.स.लाई पकेट क्षेत्र निर्धारण गर्नुपर्ने भएमा जोडिएका ३ वटा गा.वि.स. सम्म लिन सकिने ।

(छ) सि.नं (च) ले मात्र जिल्लाको महत्वपूर्ण जडिबूटी पकेट क्षेत्र नसमेटिने भएमा एक जिल्लामा बढीमा तीनवटा सम्म पकेट क्षेत्र छनौट गर्न सकिने ।

## ९.फोकल टीमको कार्य जिम्मेवारी र भूमिका

### ९.१ जिल्ला स्तरको जि.व.स.स. अन्तरगत रहने फोकल टीमको कार्य जिम्मेवारी र भूमिका

यस फोकल टीमको कार्य जिम्मेवारी तपसिल बमोजिको हुनेछ ।

१. यस कार्यविधिमा तोकिएका आधार बमोजिम जडिबूटी उत्पादन पकेट क्षेत्र पहिचान गर्न फिल्ड स्तरिय फोकल टीमलाई परिचालन गर्ने । यस क्रममा स्वीकृत कार्यक्रममा पकेट क्षेत्र उल्लेख भैसकेको वा अघिल्लो आ.व.को कार्यक्रमबाट नै पकेट क्षेत्र पहिचान भैसकेको हकमा पुनः पहिचान गरिरहनु नपर्ने ।

२. यो कार्यक्रम पकेट क्षेत्रमा मात्र संचालन गर्ने तर्फ विशेष जिम्मेवारी लिने, साथै कार्यक्रमको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि अन्य निकाय तथा कार्यक्रमहरुसंग साझेदारी तथा सहकार्य र समायोजन गर्न प्रयासरत रहने ।

३. पकेट क्षेत्रभित्र कार्यक्रम कार्यान्वयन हुने स्थान/समूह/कृषक घरधुरीहरु छनौट गर्न फिल्ड स्तरिय फोकल टीमलाई परिचालन गर्ने ।

४. जिल्लामा प्राकृतिक रुपमा पाईने, खेति गर्न सकिने र ब्यापारिक दृष्टिकोणले महत्वपूर्ण मानिएका ३ देखि ५ वटा जडिबूटी प्रजातिहरु छनौट गर्न फिल्ड स्तरिय फोकल टीमबाट सिफारिस भई आएका प्रजातीलाई अन्तिम रुप दिई जिल्ला वन/वनस्पति/रा.नि. कार्यालयलाई बिरुवा उत्पादन वा खरिदका लागि सिफारिश गर्ने ।

५. यसरी सिफारिश भएका प्रजातिहरुको बिरुवा उत्पादन गर्दा बीउ श्रोत, नर्सरी प्रविधी र बिरुवाको गुणस्तर सुनिश्चित गर्न सहजीकरण गर्ने र यस कार्यको समय समयमा अनुगमन गर्ने ।

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
सिंहदरबार, काठमाडौं

६. फोकल टिमले छनौट गरे भन्दा बाहेकका जिल्ला वन/वनस्पति/रा.नि. कार्यालयबाट उत्पादन गरिने अन्य जडिबूटी/गैह्रकाष्ठि वन पैदावारका बिरुवा उत्पादन गर्दा समेत बुदा नं. ५ अनुसार गर्ने ।
७. पकेट क्षेत्रमा नै बिरुवा उत्पादन कार्य सचालन गर्न नर्सरीको सम्भाव्य स्थल छनौटमा सहजिकरण गर्ने । यदि पकेट क्षेत्रमा विगतमा संचालित नर्सरी बिद्यमान रहेमा सोही नर्सरीको क्षमता अभिवृद्धी गराई सुबिधा सम्पन्न नर्सरीको रुपमा बिकास गर्ने ।
८. संकटापन्न अवस्थामा पुगेका जडिबूटी प्रजातिको वासस्थान संरक्षण (In-situ conservation) तथा पकेट क्षेत्र सुदृढीकरणका लागि संचालन गर्नुपर्ने कृयाकलापहरुको सूचि तयार गरी ती कृयाकलापहरु प्रभावकारी रुपमा सन्चालन गर्न सिफारिश गर्ने र यस कार्यको नियमित अनुगमन गर्ने ।
९. स्विकृत वार्षिक कार्यक्रममा उल्लेख भएका जडिबूटी खेति बिस्तार तथा ब्यवस्थापन सम्बन्धि क्षमता विकास, सीपमुलक र प्रचार प्रसार कार्यक्रमहरुलाई कुन विषय, कहाँ, कहिले, कसलाई, कसरी संचालन गरी यसबाट बढी भन्दा बढी उपलब्धी प्राप्त गर्नका लागि पहिलो बैठकबाट स्पष्ट कार्ययोजना बनाई सिफारिस गर्ने र कार्यक्रम संचालनको बखत सम्भव भएमा केही सदस्यहरुले भाग लिई उपलब्धिको बिषयमा बैठकहरुमा जानकारी गराउने, यी कार्यक्रमहरुको औचित्यताको बिषयमा पृष्ठपोषण गर्ने ।
१०. स्वीकृत वार्षिक कार्यक्रममा उल्लेखित वन बिकासमा संलग्न मान्यता प्राप्त संघसंस्था तथा व्यक्तिलाई पूँजिगत अनुदान अन्तरगत जडिबूटी तथा गैह्र काष्ठ बिरुवा रोपण/पुन:रोपण सहयोग कृयाकलापलाई निम्नानुसार संचालन हुन सहयोग गर्ने :
   - पकेट क्षेत्रमा परम्परादेखि जडिबूटी संकलन कार्यमा लागेका र खेतिको चाहना भएका गरीब तथा बिपन्न वर्ग, दलित र महिला मूली भएका परिवारलाई प्राथमिकता दिई साना साना समुह गठन गर्न फिल्ड स्तरिय फोकल टिमलाई सहयोग गर्ने,
   - जिल्ला वन/वनस्पति/रा.नि. कार्यालयको फिल्ड कार्यालयबाट बिरुवा रोपणको निरिक्षण पश्चात ढुवानी अनुदान दिने ब्यवस्था गर्न सम्बन्धित कार्यालयलाई सिफारिश गर्ने,
   - नीजि कृषक तथा उद्यमीहरुसंग समेत माथिकै प्रकृया अपनाई बिरुवा रोपण तथा ढुवानी अनुदान दिने ब्यवस्था गर्न जिल्ला वन/वनस्पति/रा.नि. कार्यालयलाई सिफारिश गर्ने,
   - सामुदायिक तथा सार्वजनिक जग्गामा जडिबूटी वृक्षारोपणका लागि न्यूनतम लगानी गरी साझेदारीमा कार्यान्वयन गर्न ईच्छुक संघसंस्था, ब्यक्ति, समुदाय संग सम्झौता गरी कार्यान्वयन गर्न सम्बन्धित कार्यालयलाई सिफारिश गर्ने,
   - Medicinal Plant रोपण कार्य सामुदायिक वनहरुमा गर्ने, चाहना तथा आवश्यकता भएका कृषकहरुलाई परिचालन गर्ने र सामुदायिक वनको कार्ययोजना निर्माण वा परिमार्जनलाई Medicinal Plant रोपण-मैत्री बनाउने,
   - सामुदायिक वनको कार्ययोजनामा जडिबूटी खेतिको बिषय समावेश नभएको भए समावेश गराउने,
   - रोपण गरिएका सबै बिरुवाहरुको ब्यक्ति र समुह अनुसार प्रजाति पिच्छेको बिस्तृत अभिलेख डाटाबेस तयार गरी बिरुवाको अवस्थाबारे समय समयमा अनुगमन गरी फोकल टिमको बैठकहरुमा अनिवार्य रुपमा पेश गर्ने ब्यवस्था मिलाउन जिल्ला वन/वनस्पति/रा.नि. कार्यालयलाई सिफारिश गर्ने ।
११. जडिबूटी तथा गैह्रकाष्ठ वन पैदावारमा आधारित उद्यम विकासका लागि सहयोग गर्दा फोकल टिमले बैठकमा छलफल गरी दिगोपना हुन सक्ने खालका उद्यमलाई मात्र सिफारिश गर्ने ।
१२. जडिबूटी तथा गैह्रकाष्ठ वन पैदावारमा प्रबर्द्धनमा चाहना राख्ने सरोकारवालाहरुलाई यस सम्बन्धी सान्दर्भिक जानकारीहरु संकलन र सम्प्रेषण गर्न जिल्ला वन/वनस्पति/रा.नि. कार्यालयलाई सिफारिश गर्ने ।

## ९.२ फिल्ड स्तरिय फोकल टीम कार्य जिम्मेवारी र भूमिका

यस फोकल टिमको कार्य जिम्मेवारी तपसिल बमोजिको हुनेछ ।

१. यस कार्यविधिमा तोकिएका आधार बमोजिम जडिबूटी उत्पादन पकेट क्षेत्र पहिचान गर्ने ।
२. पकेट क्षेत्रभित्र कार्यक्रम कार्यान्वयन हुने स्थान/समूह/कृषक घरधुरीहरु छनौट गर्ने ।
३. जिल्लामा प्राकृतिक रुपमा पाईने, खेति गर्न सकिने र ब्यापारिक दृष्टिकोणले महत्वपूर्ण ३ देखि ५ वटा जडिबूटी प्रजातिहरु छनौट गरी जिल्ला वन/वनस्पति कार्यालयलाई बिरुवा उत्पादन वा खरिदका लागि सिफारिश गर्ने ।
४. जडिबूटी खेतिका लागि प्रजातिहरु छनौट गर्दा बहुतलीय ब्यवस्थापन (Multistorey management) को अवधारणालाई अवलम्बन गरी भू-सतहको उच्चतम प्रयोग गर्ने, छाँयामा हुर्कन सक्ने प्रजातिहरुलाई प्राथमिकता दिने, सकेसम्म छोटो आयू (Short rotation) र कम उचाई (Short height) का प्रजातिहरु छनौट गर्ने ।

५. जडिबूटी तथा गैह्रकाष्ठ वन पैदावारमा आधारित उद्यम विकासका लागि अध्ययन गर्ने फोकल टिमले विस्तृत छलफल गरी दिगोपना हुन सक्ने खालका उद्यमलाई मात्र सिफारिश गर्ने ।

६. स्वीकृत वार्षिक कार्यक्रममा उल्लेखित वन विकासमा सलग्न मान्यता प्राप्त संघसंस्था तथा व्यक्तिलाई प्रोत्साहन अनुदान अन्तरगत जडिबूटी तथा गैह्र काष्ठ बिरुवा रोपण/पुनःरोपण सहयोग कृयाकलापलाई निरन्तररुपमा संचालन हुन सहयोग गर्ने :

- पकेट क्षेत्रमा परम्परादेखि जडिबूटी संकलन कार्यमा लागेका र स्थानीयको चाहना भएका गरीब तथा विपन्न वर्ग, दलित र महिला मूली भएका परिवारलाई प्राथमिकता दिई साना साना समुह गठन गर्ने,
- बिरुवा रोपणको निरिक्षण गरी तत् पश्चात् ढुवानी अनुदान दिनका लागी जिल्ला स्तरिय फोकल टिमलाई सिफारिश गर्ने,
- नीजि कृषक तथा उद्यमीहरुसंग समेत माथिकै प्रकृया अपनाई बिरुवा रोपण तथा ढुवानी अनुदान दिनका लागी जिल्ला स्तरिय फोकल टिमलाई सिफारिश गर्ने,
- सामुदायिक तथा सार्वजनिक जग्गामा जडिबूटी वृक्षारोपणका लागि न्यूनतम लगानी गरी साभ्केदारीमा कार्यान्वयन गर्न ईच्छुक संघसंस्था, ब्यक्ति, समुदायसंग सम्भौता गरी कार्यान्वयन गर्ने ।
- Medicinal Plant रोपण कार्य सामुदायिक वनको उपभोक्ता समूहका क्षेत्रहरुमा गर्ने, चाहना तथा आवश्यकता भएका कृषकहरुलाई परिचालन गर्ने र सामुदायिक वनको कार्ययोजना निर्माण वा परिमार्जनलाई Medicinal Plant रोपण-मैत्री बनाउने कार्यमा सहयोग गर्ने ।
- रोपण गरिएका सबै बिरुवाहरुको ब्यक्ति र समुह अनुसार प्रजाति पिच्छेको बिस्तृत अभिलेख डाटाबेस तयार गरी बिरुवाको अवस्थाबारे समय समयमा अनुगमन गर्ने ।

७. जडिबूटी खेतिमा संलग्न खेतिकर्ता कृषकहरुको समस्याहरुलाई समाधान गर्न सहयोग गर्ने ।

८. जडिबूटी खेति तथा ब्यवसायमा संलग्न हुने विपन्न परिवारहरुको जीविकोपार्जन तथा प्राप्त रोजगारीहरुमा बाधा नपर्ने गरी फुर्सदको समयको सदुपयोग गर्न प्रोत्साहित गर्ने ।

९. जडिबूटी पकेट क्षेत्रमा कार्यरत फिल्ड कर्मचारीहरुबीच स्थानीय स्तरमा जडिबूटी खेति सम्बन्धी छलफल र सिकाई आदान प्रदान गर्ने ।

१०. जडिबूटी खेतिकर्ता कृषकहरुको ज्ञान, सीप र आत्मबल बढाउन सहयोग गरी क्षमता अभिबृद्धि गर्ने ।

११. जडिबूटी खेतीकर्ता कृषकहरुलाई नियमित रुपमा सम्पर्कमा रही पृष्ठपोषण दिने र उनीहरुबाट लिने ।

## १०. पकेट क्षेत्रभित्र जडिबूटी खेतिकर्ता समूह गठन, संजाल तथा सहकारी निर्माण

(क) पकेट क्षेत्रभित्र सामुदायिक वनहरु पर्ने भएमा सकभर सामुदायिक वनभित्र कबुलीयती वनको अवधारणा लागु भएका समूहहरुमा र यस खालको अवधारणा लागु नभएका समूहको हकमा एउटा पकेट क्षेत्रमा बढीमा ५ वटा सक्रिय सामुदायिक वन उपभोक्ता समूहमा मात्र कार्यक्रम सीमित गर्नेगरी समुहहरु छनौट गर्ने । छनौट गरिएका सामुदायिक वन उपभोक्ता समुहमा सम्पन्नता स्तरीकरणको आधारमा बढीमा १०/१० जना गरीब विपन्न सदस्यहरुको जडिबूटी खेतिकर्ता उपसमुहहरु बनाई उपसमूह पिच्छे क्षेत्र तोकी, तोकिएको क्षेत्रको कबुलियतनामा गराई जडिबूटी खेति बिस्तार कार्य गर्ने ।

(ख) पकेट क्षेत्रभित्र पर्ने सार्वजनिक जग्गा तथा सामुदायिक वन बाहेकको अन्य सरकारी वनक्षेत्रमा समेत सि.नं. (क) बमोजिम गरीब विपन्न सदस्यहरुको उपसमूह गठन, जग्गा उपलब्ध तथा कबुलियतनामा गराई जडिबूटी खेति बिस्तार कार्य गर्ने ।

(ग) पकेट क्षेत्रभित्र पर्ने नीजि कृषक तथा उद्यमीहरुले नीजि दर्ता जग्गामा जडिबूटी खेति गर्ने चाहना राखेमा त्यस्ता जडिबूटी खेतिकर्ता कृषकहरुको बढीमा १०/१० जनाको समुह बनाई जडिबूटी खेति बिस्तार कार्य गर्ने । यसरी समुह बनाउँदा विगतमा कुनै समुह बनेको भए नयाँ गठन नगरी त्यसैलाई जडिबूटी खेतिकर्ता उपभोक्ता समुह समेत भनी नामाकरण गर्ने ।

(घ) माथि (क), (ख) र (ग) मा उल्लेखित समूह/उपसमूहलाई समेट्ने गरी यी समुहहरुको पकेट क्षेत्रस्तरीय जडिबूटी खेतिकर्ता संजाल निमार्ण गर्ने ।

(ङ) माथि (घ) का संजालहरुलाई सहकारी गठन तथा संचालन गर्ने र पकेट क्षेत्र स्तरबाट जिल्ला स्तरको जडिबूटी सहकारीको निमार्ण गर्ने ।



नेपाल सर... वन तथा भू-संरक्षण... सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिच्छेद ४

# कार्यक्रम कार्यान्वयन प्रकृया

१. कार्यन्वयनको जिम्मेवारी

यस कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवार निकाय वन तथा भू-संरक्षण मन्त्रालय रहनेछ । मन्त्रालय अन्तर्गतका वन, वनस्पति तथा रा.नि. विभाग मुख्य रुपमा कार्यान्वयनको लागि जिम्मेवार हुनेछन् । आवश्यकता अनुसार अन्य मन्त्रालय तथा विभागहरु पनि यस कार्यक्रमको कार्यान्वयनमा सहभागि हुन सक्नेछन् ।

२. जिल्लाहरूको बजेट तथा कार्यक्रमको आधार

जिल्लामा पकेट क्षेत्रहरुको संख्या, कार्यक्रमले ओगट्ने क्षेत्र, उच्च मूल्यका जडिबूटीहरुको बाहुल्यता र सम्भाव्यता जिल्लाअनुसार फरक फरक हुने भएको हुँदा यसैको आधारमा जिल्लाहरुको प्राथमिकीकरण गरी सोहीअनुरुप बजेट तथा कार्यक्रम वितरणको व्यवस्था मिलाईनेछ ।

**३. कार्यान्वयन विधि**

जिल्लाहरूमा स्वीकृत कार्यक्रम प्राप्त भइसकेपछि सम्बन्धित कार्यालयहरुले फोकल टीमको बैठक बसी सरोकारवाला निकायहरुसंग समेत समन्वय गरी पकेट क्षेत्रको कृयाकलाप कार्यान्वयनको विस्तृत Action Plan (कुन काम कहाँ, कसले, कसरी, कहिले, को कसको सहयोगमा गर्ने) तयार गर्ने र कार्यक्रमको उपलब्धिका सुचकाङ्कहरू समेत तयार गरी सोही अनुरुप कार्यान्वयन गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयन गर्दा सहभागितात्मक, पारदर्शी, प्रभावकारी, समावेशी र नतिजामूलक पद्धति अपनाउनु पर्नेछ ।

**४. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु बीच समन्वय र कार्यविभाजन**

यस कार्यक्रमको बजेट तथा अख्तियारी जिल्ला वनस्पति कार्यालय कार्यरत नरहेको जिल्लाको हकमा जिल्ला वन कार्यालयमा (मुगु र डोल्पामा रा.नि. कार्यालयमा समेत) जाने तथा जिल्ला वनस्पति कार्यालय कार्यरत रहेको जिल्लाको हकमा कार्यक्रम कार्यान्वयनको अख्तियारी जिल्ला वनस्पति कार्यालयलाई मात्र जाने व्यवस्था गरिएको छ ।

जिल्ला वनस्पति कार्यालय कार्यरत रहेको जिल्लाको हकमा वनस्पति कार्यालयले कार्यालय नजिकमा पर्ने पकेट क्षेत्रमा कार्यक्रम सम्पन्न गर्नुपर्ने छ । तर सोही जिल्लामा एकभन्दा बढी पकेट क्षेत्रमा कार्यक्रम संचालनको लागि अख्तियारी प्राप्त भएको अवस्थामा अन्य पकेट क्षेत्रको लागि जिल्ला वनस्पति कार्यालयले जिल्ला वन कार्यालयको सहयोग लिई कार्यक्रम सम्पन्न गर्नुपर्नेछ । यस्तो अवस्थामा जिल्ला वन अधिकृतले कार्यक्रम सम्पन्न गर्नका लागि पूर्ण रुपमा सहयोग गर्नुपर्नेछ ।

**५. कृयाकलापहरुको विस्तृत कार्यान्वयन विधि**

कार्यक्रममा उल्लेख भएका कृयाकलापहरु कार्यान्वयन गर्दा कार्यक्रम कार्यान्वयन गर्ने फिल्डस्तरका निकायहरुको समान बुझाइ भै सरल र सहज रुपमा कार्यकम सम्पन्न गर्न सघाउ पुगी कार्यकमको सफल कार्यान्वयनबाट वन विकासको लक्ष्य हासिल गर्नको लागि योगदान पुर्‍याउन क्रियाकलापहरुको विस्तृत कार्यविधि निम्नानुसार उल्लेख गरिएको छ ।

**५.१ सम्भाव्यता अध्ययन**

जडिबूटी खेति विकास तथा विस्तारका लागि कार्यक्रम कार्यान्वयन गर्ने निकायले पकेट क्षेत्रमा के कस्ता कार्यकमको सफलता लिन सकिने हो, फोकल टिमको सहयोगमा त्यसको विस्तृत सम्भाव्यता अध्ययन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययनको आधारमा ५ वर्षमा गरिने कृयाकलाप र अपेक्षित उपलब्धीको स्पष्ट कार्ययोजना वनाई कार्यक्रम शुरु भएको पहिलो वर्षमा जिवसस वाट स्विकृत गराई क्षेत्रिय योजना तर्जुमा गोष्ठिमा पेश गरि सोहि वर्षको दोश्रो चौमासिक भित्र मन्त्रालयवाट अनुमोदन गराई सक्नुपर्नेछ ।

**५.२ जडिबूटी खेति विकास तथा विस्तारका लागि नर्सरी र बिरुवा उत्पादन कार्यक्रम**

जडिबूटी खेति विकास तथा विस्तारका लागि कार्यक्रम कार्यान्वयन गर्ने निकायले पकेट क्षेत्रमा सुविधा सम्पन्न नर्सरी निर्माण गर्नुपर्नेछ । सम्बन्धित कार्यालय अन्तर्गत सञ्चालनमा रहेका नर्सरी बिद्यमान रहेको अवस्थामा सो नर्सरीलाई स्थायी नर्सरीको रुपमा विकास गरी गुणस्तरयुक्त बिरुवा उत्पादन गर्न अत्यावश्यक पर्ने भौतिक संरचना जस्तै

Overhead water tank, Sprinkle Irrigation, १ वर्ष भन्दा बढी सम्म खप्ने छहारी, माटो बालुवा राख्ने छहारी, हरीत घर तथा काम गर्ने छाया घर (Shade House) निर्माण तथा सुधार गरी नर्सरीको स्तरोन्नति गर्नुपर्ने छ ।

उक्त नर्सरीमा फोकल टीमले छनौट गरेको जडीवुटीको प्रजातिको बिरुवा उत्पादन गर्नुपर्नेछ । बिरुवा उत्पादन गर्दा अनिवार्य रुपले बीउको गुणस्तरको सुनिश्चितता गरेको हुनुपर्नेछ । बिरुवा खरिद कार्यलाई निरुत्साहित गर्न सम्भव भए सम्म कार्यक्रम कार्यान्वयन गर्ने निकायले नै सबै खाले बिरुवा उत्पादन गर्नुपर्नेछ । बिरुवा खरिद गर्नुपर्ने भएमा त्यसको औचित्य पुष्टी गरी मात्र खरिद गर्नुपर्नेछ ।

**५.३ जडिबूटी प्रजातिको वासस्थान संरक्षण, व्यवस्थापन, अभिलेखीकरण र योजना निमार्ण कार्यक्रम**

**जडिबूटी प्रजातिको वासस्थान संरक्षण र व्यवस्थापन** : सम्बन्धित कार्यालयले पकेट क्षेत्रमा पाईने सकंटापुर्ण अवस्थामा पुगेका जडीवुटी प्रजातिको वासस्थान MAP and NTFP hot spots छनौट गरी संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ । यी hot spots हरु सामुदायीक वन क्षेत्र भित्र पर्ने भएमा सम्वन्धित समुहहरु सँग सम्झौता गरी संरक्षणमा प्रतीस्पर्धा ल्याई संरक्षणको कार्य सम्पादनको आधारमा यस शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिन समेत सकिनेछ । यी hot spots सामुदायिक वन क्षेत्र भित्र नपर्ने भएमा जिल्ला वन कार्यालयले संकलनमा प्रतिवन्ध लगाई चरिचरण, वन डढेलो वाट जोगाउन हेरालु वा अन्य उपयुक्त व्यवस्था तथा यी प्रजातिका बृद्दिमा प्रतिकुल असर पारिरहेका अन्य प्रजातिहरुको गोडमेल लगायतका कार्यहरु संचालन गर्नुपर्नेछ । संकलनकर्ताहरुलाई तोकिएको प्रकृया र बिधि बमोजिम दीगो संकलन र व्यवस्थापनका उपायहरु सिकाई आवश्यक्तानुसारका औजारहरु उपलब्ध गराई पकेट क्षेत्रमा नमुना स्वरुप दीगो व्यवस्थापनको क्षेत्रहरु तयार हुने गरी कार्य गर्नुपर्ने छ ।

**श्रोत अभिलेखिकरण** :पकेट क्षेत्रमा पाईने महत्वपूर्ण जडिबुटी तथा वनस्पतिहरुको विद्यमान अवस्था, स्थान (गा.वि.स., वडा, गाँऊ, टोल, पाखा, खोल्सी) अनुसारको उपलब्धता, उत्पादनको उपयुक्त फारम तयार गरी डिजिटल स्वरुपमा समेत रेकर्ड अद्यावधिक गर्नुपर्नेछ । यसरी विवरण तयार गर्दा उच्च मूल्यका जडिबूटीको उपलब्धताको हकमा जी.पी.यस. बिन्दु र क्षेत्रको फोटोको समेत अभिलेखीकरण गर्नुपर्नेछ ।

**पकेट क्षेत्रमा जडीवुटीहरुको विकासका लागि एकिकृत योजना तयारी:** पकेट क्षेत्रमा पाईने जडिबूटीहरुको विकासका लागि लक्ष्य, उद्येश्य, कार्यनीति र कृयाकलाप समेत उल्लेख भएको जडिबूटी तथा वनस्पतिहरुको गा.वि.स., वडा, गाँऊ, टोल, पाखा, खोल्सी समेत स्थान किटान भएको एकीकृत योजना तयारी गर्नुपर्ने छ । GPS बिन्दु र पकेट क्षेत्रको नक्सामा नै उपरोक्त कृयाकलापहरु अंकित गरीएको हुनुपर्नेछ । पकेट क्षेत्रको एकीकृत योजना निर्माणको हकमा वन तथा भू संरक्षण मन्त्रालयले थप निर्देशन समेत दिनसक्नेछ ।

**५.४ जडिबूटी तथा गैह्र काष्ठ बिरुवा रोपण/पुन: रोपण सहयोग**

**समूह समुदायलाई जडिबूटी विरुवा रोपणमा सहयोग** : पकेट क्षेत्रमा रहेका सामुदायीक वन उपभोक्ता समूह, कवुलियती वन समूह, सामुदायीक विकास समूह (जलाधार), कृषि समूह तथा अन्य वन विकासमा प्रत्यक्ष संलग्न रहेका समूहहरु मध्ये सामुदायीक तथा सार्वजनिक जग्गामा रोपणका लागि न्यूनतम साझेदारी गर्न ईच्छुक समुहवाट निवेदन लिई वृक्षारोपण गर्न प्रस्ताव गरीएको स्थानको निरिक्षण प्रस्ताव सम्झौता गरी कार्य गर्नुपर्नेछ । सम्बन्धित समुहलाई नि:शुल्क विरुवा उपलव्ध गराउने र रोपणका लागि स्वीकृत बजेटबाट रोपण कार्य पश्चात उपलव्ध गराउने दायीत्व सम्बन्धित कार्यालयको हुनेछ भने विरुवा ढुवानी, वृक्षारोपणमा नपुग हुने रकम र संरक्षणको व्यवस्था सम्बन्धित समुहको हुनेछ । रोपण तथा खेतिको लाभाशंका लागि समूहभित्रका बढीमा १० जनाको सानो समुह वनाई दलित र महिला मूलि भएका परिवार, जनजाति तथा छानिएका गरीव परिवारलाई प्राथमिकता दिनुपर्नेछ ।

**निजि जग्गामा रोपणका लागि कृषक/उद्यमी/गरीव/विपन्न वर्गलाई जडिबूटी विरुवा रोपणमा सहयोग** : पकेट क्षेत्रमा निजि जग्गामा जडिबूटी खेति गर्नका लागि ईच्छुक कृषक, उद्यमी, गरीव तथा विपन्न वर्गको पहिचान गरी हरेकको वेग्ला वेग्लै साना समुह बनाई निवेदन लिई उनीहरुले वृक्षारोपण गर्न प्रस्ताव गरीएको निजि जग्गाको निरिक्षण गरी बृक्षारोपणका लागि सम्झौता गर्नुपर्नेछ । यीनीहरुलाई स्थान अनुसार चरणवद्ध रुपमा विरुवा ढुवानी गर्न लगाई सम्बन्धित रे.पो.वा वनस्पति कार्यालयले रोपण कार्यमा सहजीकरण गर्नुपर्नेछ । रोपण सम्वन्धी जग्गाधनी अनुसारको बिरुवा संख्या र प्रजातिको डाटावेस तयार गरी भरपर्दो रुपमा राख्नुपर्नेछ । रोपण तथा पुन:रोपण भएको स्थानको फोटो सहित रोपणकार्य सफल भईसकेपश्चात त्यसको निरिक्षण गरी (जग्गाधनी र रोपण भएको स्थानको फोटो सहित) प्रतिवेदन पेश भए पश्चात कृषक, उद्यमी, गरीव तथा विपन्न वर्गलाई स्वीकृत कार्यक्रम अनुसारको दरमा



नेपाल
वन तथा भू-संरक्षण

वृक्षारोपणको संरक्षण र व्यवस्थापनका लागि अनुदान सहयोग प्रदान गर्नुपर्नेछ । निरीक्षण प्रतिवेदनमा फाँटवारी त्रिपक्षीय कम्तीमा २ जना सदस्यको हस्ताक्षर जरुरी हुनेछ ।

**५.५ जडिबूटी तथा गैह्र काष्ठ बिरुवा रोपणमा गोडमेल तथा हुर्काए वापतको रकम अनुदान**

अघिल्लो आ.व.मा रोपण गरीएका (सम्बन्धित कार्यालयमा राखिएको गतवर्षको अभिलेख अनुसारका) बिरुवाहरु कार्यक्रम कार्यान्वयन गर्ने निकायको फिल्डस्तरको कर्मचारीले निरीक्षण गरी राम्ररी हुर्काएका बिरुवाहरु वापत कार्यक्रममा स्वीकृत दररेट अनुसार विरुवा गोडमेल तथा हुर्काए वापतको रकम अनुदान दिनसकिने छ । उक्त अनुदान दिंदा गतवर्षको बिरुवा रोपिएको तस्विरसंग तुलना गरी ताजा तस्विर समेत लिई अभिलेख अद्यावधिक गर्नुपर्नेछ ।

**५.६ वन उपजमा आधारित वन उद्यम कार्यक्रम**

कार्यकमको दिगोपना र न्यूनतम लगानीको उद्देश्य वमोजिम यो कार्यक्रम ७५:२५ साझेदारीको अवधारणामा सञ्चालन गरिने छ । यसका लागि संलग्न साझेदार संस्थावाट न्यूनतम २५ प्रतिशतको लगानी अनिवार्य रुपमा ब्यहोर्ने गरी साझेदारीमा कार्यान्वयन गर्न फोकल टीमले ईच्छुक सस्थाहरुको पहिचान गर्नुपर्ने छ । यो कार्यक्रम सामुदायिक वा कबुलियती वन समूह, सहकारी संस्था, वन उपजमा आधारित उद्यम वा सहकारी सस्था, जडिबूटी प्रशोधन उद्योग, निजी उद्यमी, परम्परागत पेशामा आधारित उद्यमीहरु संगको साझेदारीमा संञ्चालन गर्नुपर्नेछ ।

यसका लागि कार्यक्रमको विस्तृत विवरण तयार गरी साझेदारीमा कार्यक्रम संचालन गर्न ईच्छुक साझेदार संस्थाबाट संभव भएसम्म प्रस्ताव (निवेदन) आव्हान (स्थानीय पत्रिका, रे.पो., जिवका, एफ एम मार्फत विज्ञापन) गर्नुपर्नेछ । सम्वन्धित सरोकारवाला संस्थाहरुसंग समन्वय गरी प्रस्ताव/निवेदन मूल्याङ्कन गर्ने आधार तयार गर्नुपर्ने छ र सोहि आधारमा प्राप्त प्रस्ताव/निवेदनहरुको मूल्याङ्न गरी उपयुक्त साझेदारको छनौट गर्नुपर्नेछ । यस कार्यमा गैर सरकारी सेवा प्रदायकवाट सेवा लिने सम्वन्धि नेपाल सरकारको निर्देशिकामा उल्लेखित कार्यक्रम व्यवस्थापन समितिको गठन गरी सोहि समिति मार्फत समेत साझेदार संस्थाको छनौट गर्न सकिने छ । छानिएका साझेदार र कार्यक्रम कार्यान्वयन गर्ने निकायवीच साझेदारीको विस्तृत कार्यविवरण, लागत तथा लाभको बाँडफाँड सहितको सम्झौता गर्नुपर्ने छ । यसै सम्झौतालाई मूख्य आधार मानी सम्पूर्ण कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरिने छ । कार्यालयको तर्फवाट गरिने लगानी स्थानीय स्तरमा पहिचान गरीएका दलित, विपन्न तथा पिछडीएका बासिन्दाको शेयरको रुपमा रहने र यसवाट प्राप्त लाभ समेत उनीहरुकै हुने, भिन्दा भिन्दै कार्यक्रम संचालनका लागि आवश्यक दक्ष प्राविधिक एवं अन्य भौतिक साधनहरुको सूचि तयार गरी सम्बन्धित कार्यालय र साझेदारहको भूमिका निर्धारण गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

**५.७ जडिबूटी क्षेत्रसंग सम्बन्धित संघ संस्थालाई प्रजाति विशेष जडीवुटी प्रवर्धन कार्यको लागि सहयोग**

पकेट क्षेत्रमा प्रजाति विशेष जडिबूटी खेति विस्तार र उद्यम विकास कार्यमा सम्बन्धित कृषकहरुलाइ सहयोग गर्न ईच्छुक संध सस्थाहरुबाट कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रस्ताव माग गरी प्राप्त प्रस्तावको प्राथमिकिकरणको आधारमा छनौट गरी सो पश्चात् जडीवुटी प्रर्वधन कार्यको लागि सम्झौता गरी सहयोग उपलब्ध गराई कार्य सम्पन्न गर्नुपर्ने छ ।

**५.८ प्रदर्शनी मेलामा जडिबूटी नमुना प्रदर्शन तथा स्टल व्यवस्थापनमा सहयोग**

कार्यक्रम कार्यान्वयन हुने जिल्ला, छिमेकी जिल्ला, क्षेत्र वा केन्द्रमा समय समयमा हुने जडिबूटी मेला/प्रदर्शनीमा स्टल राखी प्रतिनिधित्व गर्न ईच्छुक जडिबूटी खेति समूह, निजि उद्यमी, कृषकलाई सोको आवश्यक्ता र औचित्य हेरी त्यस्ता प्रदर्शनीमा सहभागि भई जिल्लाको जडिबूटी खेति कार्यक्रमको प्रचार प्रसार गर्न कार्यक्रममा स्वीकृत बजेट अनुसार सहयोग गर्न सकिनेछ ।

**५.९ पकेट क्षेत्र पहिचान, सुदृढीकरण, समुह गठन, क्षेत्र सम्झौता र संजाल निमार्ण (एक गाऊँ एक उत्पादन संग सम्बन्धित)**

पकेट क्षेत्रको पहिचान यसै कार्यविधिको परिच्छेद ३ को बुंदा ५ बमोजिम गर्नुपर्नेछ । पकेट क्षेत्र सुदृढीकरण मा पकेट क्षेत्रमा गरिने कृयाकलापहरु संचालन गर्दा उद्यमी र ब्यापारी बिचका समन्वय, फोटो धुँलाई छपाई, मसलन्द, विविध आकस्मिक खर्च लगायतका कार्यक्रम संचालनमा सहयोग पुग्ने कृयाकलापहरु गर्नुपर्नेछ । जडीबुटी पकेट क्षेत्रहरुको उपयुक्त तरीकाबाट संरक्षणका लागि आवश्यक परेमा हेरालु समेतको व्यवस्था गरी गर्नु पर्नेछ । सामुदायिक वनहरुमा नै पकेट क्षेत्रको अधिकांश भाग ती समूहबाटै यसको प्रभावकारी संरक्षण गर्न सुचक सहितको सम्झौता गरी कार्य

सम्पादनको आधारमा भुक्तानी दिन सकिनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रगति प्रतिवेदनमा सरक्षणमा भएको उपलब्धि (सुचक सहित) र कार्यकमको प्रभावकारीता उल्लेख गर्नुपर्नेछ । पकेट क्षेत्रभित्र जडिबूटी खेतिकर्ता समूह गठन तथा संजाल निर्माण यसै कार्यविधिको परिच्छेद ३ को बुंदा ७ बमोजिम गर्नुपर्नेछ ।

### ५.१० तालिम/गोष्ठी/कोचिङ्ग/बैठक

तालिम संचालन गर्नका लागि सम्बन्धित कार्यालयले जडिबूटी सम्वन्धी ज्ञान सीप भएको र उपभोक्ताहरु संग सहजीकरण गर्न सक्ने स्थानीय स्रोत व्यक्ति को रोष्टर तयार गर्नुपर्ने छ । यस्ता स्रोत व्यक्तिहरुमा जिल्ला वन/वनस्पति कार्यालयका कर्मचारीका अतिरिक्त कृषक, व्यापारी र अन्य संघ सस्थामा कार्यरत कर्मचारीहरु पनि हुन सक्ने छन् । यस अन्तर्गत रहेका विभिन्न प्रकारका क्रियाकलापहरुमध्ये खेति स्थलमै कोचिङ गरी-गराई खेतिकर्ता किसानलाई सहयोग गर्नुपर्ने र स्थलगत रुपमा संकलन कर्ताहरुसंग अन्तरक्रिया गोष्ठी गर्नुपर्ने हुदा बढी भन्दा बढी सहभागीलाई लाभान्वित गर्नका लागि स्थलगत अभ्यासमा भाग लिने सहभागिहरुलाई खाजा मात्र प्रदान गर्ने, तर मध्यस्थकर्ता तथा व्यापारी बिच अन्तरक्रिया गोष्ठी अन्य क्षेत्रमा गर्नुपरेको अवस्थामा र बजेटले भ्याउने भएमा सहभागीहरुलाई तोकिएको नर्मस् अनुसारको भत्ता समेत उपलब्ध गराउन सकिनेछ । यी सबै कार्यकमका प्रशिक्षकलाई तालिम नर्मसको आधारमा प्रशिक्षण भत्ता उपलब्ध गराउन सकिनेछ ।

कार्यक्रम सम्पन्न भएपछि हरेक तालिम/गोष्ठीको विस्तृत विवरणहरु स्थान, सहभागीको विवरण, सहभागीको औचित्यता, कार्यकमको प्रभावकारीता बारे पृष्ठपोषण समेत उल्लेख भएको प्रतिवेदन तयार गरी राख्नुपर्ने र सोको सारांश तालुक विभागमा पेश गरिने प्रगतीमा उल्लेख गर्नुपर्नेछ ।

### ५.११ प्रचार प्रसार कार्यक्रम

यस कार्यक्रम परिचय, उद्येश्यहरु लगायत कार्यक्रम कार्यान्वयनका विभिन्न सूचना तथा जानकारीहरु जिल्लामा रहेका स्थानीय एफ.एम. रेडीयो संग सम्झौता गरी जडिबूटीको दिगो संकलन, व्यवस्थापन, नर्सरी, खेति विस्तार, वजार मुल्य, विरुवा प्राप्ती लगायतका चेतनामुलक सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । जिल्लामा एफ.एम. संचालन नभएको अवस्थामा जिल्ला र क्षेत्रस्तरमा प्रकाशन (तथा उपलव्ध) हुने र पकेट क्षेत्रमा पुग्ने पत्र-पत्रिका तथा रेडीयोवाट गर्नुपर्ने छ । जिल्ला वन/वनस्पति कार्यालयवाट पनि उपयूक्त माध्यमबाट निरन्तर सूचना प्रवाहको व्यवस्था मिलाउनु पर्नेछ । यसका अतिरिक्त जडीवुटी सम्बन्धि खेति सफल भएको स्थानहरु, विरुवा उत्पादन गरीएको स्थानहरु, विभिन्न वन उपजमा आधारित सफल उद्यमहरुमा भ्रमण गराउनका लागी स्थल तय गरी जडीवुटी खेति र आयमुलक कार्यकममा प्रतक्ष्य संलग्न पकेट क्षेत्रका कृषक, उद्यमी, फोकल टिमका सदस्यहरु र जिल्लास्थित अन्य उद्यमी सरोकारवालाहरुको ठीक तरिकाले छनौट गरी भ्रमणको व्यवस्था गर्नुपर्नेछ । भ्रमण पश्चात् सो सम्बन्धि ज्ञान, सीप र शिक्षाको बारेमा स्थानीय स्तरमा छलफल गराउनु पर्नेछ ।

### ५.१२ कार्यकमको कार्यान्वयनमा सहजीकरण तथा प्रभाव अध्ययन (केन्द्र)

यस कार्यक्रम संचालनका लागि विभागीय स्तरमा समन्वय गर्ने, संयुक्त रुपमा अन्तर विभागीय बैठकहरु बस्ने, कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निर्देशिका तथा कार्यविधिहरु तयारी गर्ने, ती निर्देशिका तथा कार्यविधिहरुको अभिमुखीकरण, फिल्ड परिक्षण तथा आवश्यक्तानुरुप परिमार्जन गर्ने, संयुक्त रुपमा कार्यक्रमको अनुगमन तथा प्रभाव अध्ययन गर्ने र तीनका निष्कर्ष तथा सुझावहरु आगामी वर्षहरुका कार्यक्रम तयारीमा उपयोग गर्ने ।

### ५.१३ कार्यकम अनूगमन खर्च

यस उपशिर्षकमा विनियोजन गरीएको रकम लाई फोकल टिम र जिल्ला वन कार्यालयका यस कार्यक्रमका लागी तोकीएका फोकल प्राविधीक कर्मचारीहरु पकेट क्षेत्रमा जडिबूटी खेति विस्तार र उद्यम विकास कार्यमा सहजीकरण र अनुगमनमा खटिदा मात्र खर्च गर्नुपर्नेछ । जिल्ला वन कार्यालयले यस कार्यकमको फरक प्रकृतिका कृयाकलापको लागि विषयगत दक्षताको आधारमा छुट्टाछुट्टै फोकल कर्मचारी तोकी क्षेत्रीय वन निर्देशनालय र वन विभागलाई जानकारी गराउनु पर्नेछ । साझेदारीमा संचालन हुने सम्पूर्ण कार्यक्रमको सार्वजनिक लेखापरिक्षण समेत गर्नुपर्ने छ । हरेक कार्यक्रम स्थलमा कार्यक्रमको नाम, लागत तथा साझेदारी झल्कने गरी सकभर साइनवोर्ड समेत लगाउनु पर्नेछ । कार्यक्रम सम्पन्न भएपछि अनुगमनको प्रतिवेदन समेत प्रगति प्रतिबेदनमा समावेश गर्नु पर्ने छ ।

## परिच्छेद ५
# अनुगमन तथा मूल्याङ्कन प्रकृया

यस कार्यक्रम कार्यान्वयनको विभिन्न तहमा तपसिल बमोजिमको निकायहरुद्वारा तोकिएको अवधिमा अनुगमन गरी एक तह माथिल्लो निकायमा नियमित रुपमा प्रतिवेदन पठाउनु पर्नेछ । अनुगमन कार्यका लागि फोकल टिमलाई नै मुख्य जिम्मेवार बनाईएको छ ।

### १. अनुगमन योजना

| सि.नं. | अनुगमन तह | जिम्मेवार निकाय | पटक |
|---|---|---|---|
| १ | पकेट क्षेत्र/जिल्ला स्तरीय | फोकल टीम | द्वैमासिक रुपमा |
| ३ | क्षेत्रीय | क्षेत्रिय वन निर्देशक वा कार्यक्रमको फोकल व्यक्ति वा तोकिएको अधिकृत | चौमासिक रुपमा |
| ४ | विभागीय | विभागीय प्रमुख वा कार्यक्रमको फोकल व्यक्ति वा तोकिएको अधिकृत | ६/६ महिनामा |
| ५ | केन्द्रीय | जडिबूटी विकास कार्यक्रम समन्वय एकाइ (JDPCU) | ६/६ महिनामा |
| ५ | राष्ट्रिय | वन तथा भू संरक्षण मन्त्रालय (अनुसूची ५) | बर्षको एक पटक |

### २. प्रगति विवरण/उपलब्धि मूल्याङ्कन

कार्यक्रमको प्रगति विवरण/उपलब्धि मूल्याङ्कन अनुसूची ६ मा दिइएको ढाँचा बमोजिम सूचक सहित पेश गरिनेछ ।

सिंहदरवार, काठमाडौं

## अनुसूची १
## जडिबूटी विकास कार्यक्रम समन्वय एकाई (JDPCU) को संरचना

| सि.नं | पद नाम | श्रेणी/ सेवा | संख्या |
|---|---|---|---|
| १ | उपसचिव | नेपाल वन सेवा, वनस्पति समूह (वनस्पति विभाग) | १ |
| २ | अधिकृत | रा.प.तृ. वन (ज फ) (वन विभाग) | १ |
| ३ | असिस्टेन्ट वोटानिस्ट | रा.प.अ.प्रथम, वन वोटनी (वनस्पती विभाग) | १ |
| ४ | लेखापाल | रा.प.अ.प्रथम, प्रशासन, लेखा समूह (वनस्पती) | १ |
| ५ | कार्यालय सहयोगी | परामर्श सेवामार्फत | १ |
| ६ | कम्प्युटर/सूचना अपरेटर | परामर्श सेवामार्फत | १ |
| | | **जम्मा** | **६ जना** |

## अनुसूची २
## क्षेत्रीय स्तरमा रहने समन्वय एकाइको संरचना

| पद | सेवा/श्रेणी | संख्या |
|---|---|---|
| १. संयोजक : क्षेत्रीय वन निर्देशकले तोकेको उपसचिव | ज.फ., रा.प. द्धि. प्रा | १ |
| २. उपसंयोजक: सहायक तालिम अधिकृत | ज.फ., रा.प. द्धि. प्रा | १ |
| ३. सदस्य : क्षेत्रीय वन निर्देशकले तोकेको रेञ्जर, असिस्टेन्ट वोटानिस्ट | रा.प.अ.प्रथम | १ |
| | **जम्मा** | **३ जना** |

अनुसूची ३

## District Selection Criteria

| S.N. | Name of District | Accessibility | HDI | Near by Plant Resource Office | Project Support | Program period | Total |
|---|---|---|---|---|---|---|---|
| 1 | Jumla | 1 | 3 | 3 | 3 | 3 | 13 |
| 2 | Dhanusha | 3 | 2 | 3 | 2 | 3 | 13 |
| 3 | Banke | 3 | 1 | 3 | 3 | 3 | 13 |
| 4 | Illam | 3 | 1 | 3 | 3 | 3 | 13 |
| 5 | Mugu | 1 | 3 | 2 | 3 | 3 | 12 |
| 6 | Kalikoat | 1 | 3 | 2 | 3 | 3 | 12 |
| 7 | Baitadi | 2 | 3 | 1 | 3 | 3 | 12 |
| 8 | Dolpa | 1 | 3 | 1 | 3 | 3 | 11 |
| 9 | Dailekh | 1 | 3 | 1 | 3 | 3 | 11 |
| 10 | Humla | 1 | 3 | 1 | 3 | 3 | 11 |
| 11 | Dadeldhura | 2 | 2 | 2 | 2 | 3 | 11 |
| 12 | Darchula | 1 | 2 | 1 | 3 | 3 | 10 |
| 13 | Palpa | 2 | 1 | 1 | 3 | 3 | 10 |
| 14 | Makawanpur | 2 | 1 | 3 | 1 | 3 | 10 |
| 15 | Surkhet | 2 | 1 | 2 | 3 | 2 | 10 |
| 16 | Kavrepalanchowk | 2 | 1 | 2 | 3 | 2 | 10 |
| 17 | Doti | 2 | 3 | 2 | 2 | 1 | 10 |
| 18 | Sindhupalchowk | 2 | 1 | 1 | 2 | 3 | 9 |
| 19 | Salyan | 1 | 1 | 3 | 1 | 3 | 9 |
| 20 | Dolakha | 2 | 1 | 2 | 2 | 2 | 9 |
| 21 | Kailali | 2 | 1 | 3 | 1 | 2 | 9 |
| 22 | Taplejung | 2 | 1 | 2 | 3 | 1 | 9 |

### नोट : आधार र नम्वरिङ्ग

| Score | Transaction / resource potential | Accessibility | Program Period | HDI | Near by Plant Resource Office | Project Support |
|---|---|---|---|---|---|---|
| 1 | High | Near by market | Continue from last 3 years | Rank 61-75 | Existance of DPO | No project |
| 2 | Medium | Medium | Continue from last 2 years | Rank 31-60 | Closer District from DPO | One project |
| 3 | Low | Far from market | Started from last year | Rank 1-30 | Far from DPO | More than one project |

## अनुसूची ४
## जडिबूटी खेती विस्तार अभिलेखिकरण तथा अनुगमन फारम (पकेटक्षेत्र स्तरमा)

नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
वन / वनस्पति / रा.नि. तथा व.ज.सं. विभाग

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
सिंहदरबार, काठमाडौं

जिल्ला वन / वनस्पति /रा.नि. कार्यालय, .....
जडिबूटी विकास कार्यक्रम अनुगमन फारम
पकेट क्षेत्रको नाम, ठेगाना
पकेट क्षेत्रमा रहेका जम्मा समूह संख्या
समूहमा रहेका जम्मा किसान घरधुरी संख्या

| क्रम संख्या | जडिबूटी विरुवा प्राप्त गर्ने किसानको | | | वितरण गरिएको जडिबूटी | | | | | जडिबूटी रोपण गरिने ठेगाना |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | हस्ताक्षर | प्रजाति | बिरुवा प्रकार | | | वितरण मिति | गा.वि.स., वडा नं. |
| | | | | | नाङ्गो जरा | पोलिब्याग | कटिङ्ग | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| जडिबूटी रोपण गरिने जग्गाको क्षेत्रफल | | | | | | | विरुवा रोपण मिति | पहिलो अनुगमन | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | अनुगमन गरिएको मिति | रोपिएको जडिबूटीको अवस्थाको विवरण | | अनुगमन गर्ने कर्मचारी | | |
| आबादी जग्गा | पाखो बारी | नीजि कृषिवन | सामुदायिक वन | कबुलियति वन | अन्य | जम्मा | | | संख्यात्मक | गुणात्मक | नाम | पद | दस्तखत |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

## अनुसूची ५
## राष्ट्रिय स्तरको अनुगमन निकायको संरचना

संयोजक : सहसचिव, वन तथा भूसंरक्षण मन्त्रालय
सदस्यहरू : उपसचिव, कृषी विभाग
उपसचिव, वाणिज्य विभाग
उपसचिव, अर्थ मन्त्रालय
उपसचिव, राष्ट्रिय योजना आयोग
विभागीय संयोजकहरू (सम्वन्धित विभागहरू)
सदस्य सचिव : संयोजक, जडिबूटी विकास कार्यक्रम समन्वय एकाई

## अनुसूची ६

## जडिबूटी विकास कार्यक्रमको प्रगति विवरण/उपलब्धि मूल्याङ्कनको ढाँचा

| कार्यक्रम | तोकिएको लक्ष्य | | हालसम्मको प्रगति | | स्थान | सूचक | लाभ | | समस्या | सुझाव | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भौतिक | वजेट | भौतिक | वजेट | | | सामाजिक | वातावरणीय | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |